प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा

कोशी प्रदेश, भद्रपुर, झापा

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (गाई ब्लक विकास कार्यक्रम) सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

सूचना नं. ०३/२०८०/०८१ सूचना प्रकाशित मिति: २०८०/०९/२३

आ.व. २०८०/८१ मा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापाको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, गाई ब्लक विकास कार्यक्रम तोकिएको तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि/पशु फार्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र अर्थात (मिति २०८०/१०/०८ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापामा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल २०७७ को अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा (०२३-५२३०८७/ ९८४२४८६९९७/ ९८४२०४५४४८) मा सम्पर्क गर्न सकिनेछ ।

सूचना तथा कार्यक्रम कार्यान्वयन म्यानुअल (अनुसूची १०) समेत (vhlsjhapa.koshi.gov.np) वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

क) <u>गाई ब्लक विकास कार्यक्रम सञ्चालनका लागि कार्यक्षेत्र: बुद्धशान्ति गाउँपालिका वडा नं ५ र ६</u>

ख) उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगरको च.नं. ७९९ मिति २०८०/०९/२० को कार्यक्रम सञ्चालनको लागि स्वीकृत भएको क्षेत्रबाट मात्र आवेदन दिन सकिनेछ । (बुद्धशान्ति गाउँपालिका वडा नं ५ र ६)

ग) कार्यक्रमहरु: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको दफा ४.२.९.२ (ग) तालिका ४ अनुसारका क्रियाकलापहरु ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

१) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी

२) पान दर्ता/ करचुक्ताको प्रमाणपत्रको प्रतिलिपी

३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा

४) निवेदकको नागरिकता वा परिचय पत्र खुल्ने प्रमाणपत्रको प्रतिलिपी

५) कार्य समितिको निर्णयको प्रतिलिपी

२०८०/०९/२३

शितल भट्टराई

... विकास अधिकृत